विष्णुपुर गाउँपालिका

विष्णुपुर, सप्तरी मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०८२/०३/३२

## भाग -१

## स्थानीय सरकार

बिष्णुपुर गाउँपालिका, बिष्णुपुर, सप्तरी

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजीम १६ औं गाउँ सभाले बनाएको तल लेखिए बमोजीमको ऐन सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०८२ सालको ऐन नं. -०१

# शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न बाञ्छनीय भएकोले

## १६ औं गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१.) यस ऐनको नाम " शिक्षा " (तेस्रो संशोधन ) ऐन, २०८२ रहेको छ ।

(२.) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन, २०७९ को दफा २३ मा संशोधन :** शिक्षा ऐन, २०७९ ( यस पछि "मूल ऐन" भनिएको ) को दफा २३ को उपदफा (१) को पछि देहायको दफा २३ (क)(१) राखिएको छ ।

२३(क) शिक्षण सहयोग अनुदान, स्वंय सेवक शिक्षक तथा अन्य शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था ।

(१.) कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समिति नरहेको अवस्थामा वा विद्यालयले नियुक्ति गर्न नसक्ने अवस्था भएमा वा शिक्षण सहयोग अनुदान आदिको अवस्थामा शिक्षक नियुक्ति गर्न देहाय बमोजिमको शिक्षक छनौट समिति रहने छ र शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था शिक्षक सेवा आयोग नियमावली, २०५६ (संशोधन सहित) बमोजीम हुनेछ ।

शिक्षक छनौट समिति :

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

ग. शिक्षा शाखा प्रमुख : सदस्य सचिव

**आज्ञाले**

उज्जवल आनन्द

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८२/०३/३२